# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
२०७३

**शुभकामना**

महानगरवासी महानुभावहरू!

नेपाली महिलाहरूको महान पर्व हरितालिका (तीज) को सुखद् अवसरमा भरतपुर महानगरवासी सम्पूर्ण दिदीबहिनीहरूमा सुख, शान्ति, आपसी एकता, पारिवारिक सद्भाव र सुस्वास्थ्यको हार्दिक शुभकामना व्यक्त गर्दछु।

साँस्कृतिक सहिष्णुता र सामाजिक एकताको प्रतीककोरूपमा रहेको यस पर्वमा नेपाली महिलाहरूले आफ्नो सौभाग्य र परिवारजनको समृद्धिका लागि पूजा आराधना र पारिवारिक भेटघाट गर्ने तथा दर खाने प्रचलन रहेको छ। नेपाली मौलिक साँस्कृतिक पर्वले नेपालीहरूलाई एकताको सुत्रमा आबद्ध गर्दै सामाजिक सद्भाव कायम गर्नुका साथै एकआपसमा खुसी साटासाट र मनोरञ्जन गर्ने अवसर समेत प्रदान गर्दै आएको छ।

कोरोना (कोभिड-१९) महामारी विश्वव्यापी रूपमा झनझन वृद्धि हुने क्रममा रहेको छ। महानगरपालिका क्षेत्रमा पनि यसको संक्रमण दर वृद्धि हुँदै गएको सन्दर्भमा सामूहिक खानपिनको कार्यक्रम आयोजना नगर्न, नित्य कर्मबाहेक धार्मिक क्षेत्रमा भीडभाड नगर्नुहुन अपिल गर्दछु।

अहिले मानवीय स्वास्थ्यको सवाल महत्वपूर्ण छ। महामारीबाट जोगाउन सकिएमात्रै पछि आउने चाडवाडहरू मनाउन पाइन्छ। यही यथार्थतालाई हृदयगम गर्दै आ-आफ्नै घरमा बसेर, मास्क, स्यानिटाइजरको प्रयोग र भौतिक दुरी कायम गरी सुरक्षित रूपमा यसपटकको तीज पर्व मनाउनुहुन विनम्र अनुरोध गर्दछु।

फेरि एकपल्ट यहाँहरू सबैको सुस्वास्थ्यको कामनासहित हरितालिका (तीज) को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

मितिः- २०७७/०५/०२

रेनु दाहाल
नगर प्रमुख